बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय
# बागवानी विकास केन्द्र
पाँचखाल, काभ्रेपलाञ्चोक

☎ ०११-४९९०५५
hdcpanchkhal@gmail.com

## मौजुदा सूचीमा दर्ता गर्ने सम्वन्धि सूचना

प्रकाशित मिति २०८३/०४/०४ गते

यस केन्द्रको लागि आ.व. २०८३/८४ मा आवश्यक पर्ने तपसील बमोजिमका विभिन्न सामान तथा सेवाहरु आपुर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरीद नियमावली २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing list) तयार गर्नु पर्ने भएको हुँदा तपसीलमा उल्लेखित कागजातहरु संलग्न राखी सोही नियमावलीको अनुसूची २ (क) बमोजिमको ढाँचामा निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

**आवश्यक कार्य तथा सेवाहरुको विवरण:**

१. मसलन्द तथा कार्यालय सामान आपुर्ति सम्बन्धी कार्य ।
२. कम्प्युटर, प्रिन्टर, फोटोकपी लगाएतका विद्युतीय मेशिनरी सामान र पाटपुर्जा आपुर्ति तथा मर्मत सम्बन्धी कार्य ।
३. फर्निचर तथा फर्निसिङ्ग आपुर्ति र मर्मत सम्बन्धी कार्य ।
४. छपाई, प्रकाशन, प्रसारण, विज्ञापन सम्बन्धी कार्य ।
५. निर्माण व्यवसायसँग सम्बन्धित सेवा ।
६. सवारी साधन मर्मत तथा पाटपुर्जा आपुर्ति सम्बन्धी कार्य ।
७. पत्रपत्रिकाहरु आपुर्ति कार्य ।
८. धारा बिजुली सम्बन्धी सामान आपुर्ति र मर्मत सम्बन्धी कार्य ।
९. बिउबिजन, मल तथा विषादीहरु आपुर्ति कार्य ।
१०. भवन तथा पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य ।
११. कृषि कार्यमा प्रयोग हुने औजार उपकरण तथा सरसामानहरु आपुर्ति कार्य ।
१२. खाजा पानी तथा खाद्य सामाग्रीहरु आपुर्ति कार्य ।

**निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु:**

१) संस्था वा फर्म दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी
२) स्थायी लेखा नम्बर/मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी
३) आर्थिक वर्ष २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र म्याद थपको पत्र ।
४) व्यवसायिक इजाजतपत्रको प्रतिलिपी
५) प्रचलित कानून बमोजिम अयोग्य भएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाइएको स्वयं घोषणा गरी निवेदन दिनु पर्नेछ ।

**द्रष्टब्य:**

माथि उल्लेखित प्रत्येक कार्य तथा सेवाहरुको लागि छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ । रीत नपुगी आएका निवेदनहरुलाई मान्यता दिइने छैन । प्राप्त निवेदनहरु मौजुदा सूचीमा दर्ता गर्ने वा नगर्ने अधिकार यस केन्द्रमा रहनेछ । निवेदनको ढाँचा यस केन्द्रको वेभसाइट https://hdcpanchkhal.bagamati.gov.np/ बाट डाउनलोड गर्न सकिन्छ ।

..........................
बिष्णु बोगटी
केन्द्र प्रमुख
(अधिकृतस्तर नवौं तह)